# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।११ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

वादी नेपाल सरकार प्रतिवादी ईलाका प्रहरी कार्यालय, बुटवल, रुपन्देहीका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक ठग बहादुर के.सी. भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सरकारी साक्षीको रुपमा पेश गरिएका खेम/खिलेन्द्र भन्ने खीलेन्द्र सिंह जि.सी.ले आयोगका अनुसन्धान अधिकृतसमक्ष गरेको कागजको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका वडा नं.-१० (साविक मकहर गा.वि.स. वडा नं. १) स्थायी ठेगाना भई बुटवल उपमहानगरपालिका-४ लक्ष्मीपुर बस्ने खेम/खिलेन्द्र भन्ने खीलेन्द्र सिंह जि.सी.ले वादी नेपाल सरकार प्रतिवादी ठग बहादुर के.सी. भएको भ्रष्टाचार मुद्दामा निजले सम्मानित विशेष अदालत, काठमाडौंसमक्ष वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयान व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको हुँदा निज खीलेन्द्र सिंह जि.सी.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा निजले दिएको घुस/रिसवत रु.१८,००,०००।-(अठार लाख रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो अनुसार जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे